

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १० गते मंगलबार ❑ 24 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## योगी पोखरामा पहिलो महिला वडा अध्यक्ष

**पोखरापत्र संवाददाता**

**पोखरा, ९ जेठ**

पोखरा महानगरपालिका बाहेक गण्डकी प्रदेशका ८४ वटा पालिकाहरुको अन्तिम मत परिणाम सार्वजनिक भएको छ । उक्त मत परिणाम सार्वजनिक हुदा नेपाली काग्रेंस पहिलो पार्टीको रुपमा स्थापित भएको छ।

वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनबाट नेपाली काग्रेंसले प्रमुख तथा अध्यक्षमा ३६ र उपप्रमुख तथा उपाध्यक्षमा ३० स्थानमा जित हासिल गरेको हो । त्यस्तै एमालेले प्रमुख तथा अध्यक्षमा ३५ र उपप्रमुख तथा उपाध्यक्षमा ३२ स्थानमा जित हासिल गरेको छ। तेश्रो दलको रुपमा स्थापित गरेको माओबादी केन्द्रले भने प्रमुख तथा अध्यक्षमा ११ र उपप्रमुख तथा उपाध्यक्षमा १९ स्थानमा जित हासिल गरेको हो । राष्ट्रिय जनमोर्चाले अध्यक्षमा २, उपाध्यक्षमा २, स्वतन्त्रले उपाध्यक्षमा स्थानमा जित हासिल गरेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ । कास्कीका ५ पालिका मध्य कांग्रेसले २ वटा अध्यक्ष तथा उपाध्यक्ष एमालेले २ वटा अध्यक्षमा जित हासिल



गरेका छन् । यसैबिच क्षेत्रफलको हिसावले देशकै ठुलो पोखरा महानगरपालिकामा पहिलो महिला वडा अध्यक्षमा राधिका शाही योगी विजयी भएकी छन् । नेकपा एमालेकी उमेदवार योगी पोखरा १७ बाट वडा अध्यक्षको रुपमा विजयी भएकी हुन् ।

नेपाली काग्रेंसका वडा अध्यक्षका उमेदवार देवराज आचार्यलाई ८३ मतको झिनो अन्तरले पराजित गर्दै पोखरामा पहिलो महिला वडा अध्यक्षको रुपमा विजयी भएकी हुन । अध्यक्ष योगीले २ हजार ६ सय २५ मत ल्याउदा उनका प्रतिष्पर्धी आचार्यले २ हजार ५ सय ४२ मत ल्याएका थिए । साथै योगीको टिममा सहभागी भएको एमालेको प्यानल नै विजयी भएको हो । महिला सदस्यमा विष्णुकुमारी थापा, दलित महिला सदस्यमा तारा परियार, वडा सदस्यमा विक्रम गुरुङ र शिवराम भण्डारी विजयी भएका छन् । यसअघि पनि २०७४ सालको निर्वाचनमा उक्त वडामा एमालेले जित हासिल गरेको थियो । यसैबिच नेकपा एमालेका संगठन विभाग प्रमुख खगराज आचार्यको वडामा नेपाली काग्रेंसले जित हासिल गरेको छ । एमालेको गण मानिएको उक्त स्थानमा एमालेका पोखरा ३१ का वडा अध्यक्षका प्रत्यासी चिरन्जिवी बन्जरालाई पराजित गर्दै काग्रेंसका उमेदवार ढकनाथ कडेलले पराजित गरेका हुन् । बन्जरालाई कडेलले १ सय ६१ मत अन्तरले पराजित गरेका हुन् । एमालेका बन्जराले १ हजार ७ सय ३७ मत ल्याउदा उनका प्रतिष्पर्धी कडेलले १ हजार ८ सय ९८ मत ल्याएका थिए ।

पोखरा महानगरपालिकामा हालसम्म एमालेले ८ वडा वडामा जित हासिल गरेको छ भने काग्रेंसले २० वटा वडामा जितेको छ । पोखरामा हाल ५ वटा वडाको मतगणना कार्य तिव्र पारिएको निर्वाचन कार्यालय पोखराका निर्वाचन अधिकृत श्रीकृष्ण अधिकारीले बताए । पोखरामा १ लाख ४३ हजार २ सय २६ मत खसेकोमा १ लाख २५ हजार ५ सय २० मत गणना हुदाँ मेयर पदमा एकीकृत समाजबादीका उमेदवार धनराज आचार्यले अग्रता कायमै राखेका छन भने उपमेयरमा भने एमालेकी मन्जु देवि गुरुङ अग्र स्थानमा रहेकी छन् । गठबन्धनका मेयरका प्रत्यासी आचार्यले ५० हजार ६ सय १२ मत ल्याउदा एमालेका थापाले ४६ हजार ५ सय ८३ मत ल्याएका हुन् । त्यसै गरी उपमेयरमा एमालेकी गुरुङले ५३ हजार १ सय ७३ मत ल्याएकी छन भने गठबन्धन तथा काग्रेंसकी उमेदवार कोपिला रानाभाटले भने ४९ हजार ५ सय ८६ त ल्याएकी छन् ।

## छब्बीस पालिकाको परिणाम आउन बाँकी

**रासस**

**काठमाडौं, ९ जेठ**

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनाअन्तर्गत अब २६ पालिकाको अन्तिम मतपरिणाम सार्वजनिक हुन बाँकी रहेको छ।

बढी मतदाता रहेका काठमाडौं, ललितपुर, पोखरा, भरतपुर, वीरगञ्ज, महानगरपालिकासहित २६ पालिकाको परिणाम आउन बाँकी छ।

निर्वाचन आयोगको सूचना प्रणालीमा आज मध्यान्ह १२ बजेसम्ममा २६९ नगरपालिका र ४५८ गाउँपालिका गरी ७२७ स्थानीय तहको अन्तिम परिणाम प्रविष्ट भइसकेको छ । कूल ७५३ पालिकामध्ये करिब ९५ प्रतिशत पालिकाको परिणाम आइसकेको हो । आयोगले यही जेठ १० गतेभित्र सबै स्थानको मतपरिणाम आउने विश्वास व्यक्त गरेको थियो । उदयपुरको त्रियुगा नगरपालिका-१२रबाजुराकोबूढीगङ्गा नगरपालिकाको मतदानबारे राजनीतिक विवाद उत्पन्न भएकाले आयोगको निर्णयपछि मतगणना वा पुनः मतदान हुनेछ।

## होटल संघ गण्डकीको नयाँ कमिटी

**पोखरापत्र संवाददाता**

**पोखरा, ९ जेठ**

होटल संघ नेपाल (हान) गण्डकी गठन गरिएको छ । संस्थाको अध्यक्षमा पुराना पर्यटन व्यवसायी हरिप्रसाद शर्मा गैह्रे निर्विरोध निर्वाचित भएका छन् ।

गण्डकी प्रदेश स्थिति विभिन्न ११ जिल्लाका होटल संघका अध्यक्षहरुको भेलाले शर्मालाई अध्यक्ष चुन्दै नयाँ कार्यसमिति समेत चयन गरेको छ । शर्मा होटल संघ पोखरा नेपालका पूर्व अध्यक्ष एवं सल्लाहकार हुन् । उनी लेकसाइड स्थित होटल पोखरा भिलेजका संचालक पनि हुन् । प्रदेशको प्रथम बोर्ड बैठक नाम दिइएको भेलालले भरतराज पराजुलीलाई प्रथम उपाध्यक्षको जिम्मेवारी दिएको छ । पराजुली हानका केन्द्रिय सदस्य एवं होटल संघ पोखरा नेपालका पूर्व अध्यक्ष एवं सल्लाहकार पनि हुन् । यसैगरी प्रदेश कमिटीको द्वितीय उपाध्यक्षमा तनहुँका पुराना होटल व्यवसायी राजकुमार श्रेष्ठलाई चयन गरिएको छ । गोर्खाका व्यवसायी मनप्रसाद धितालले



सचिवको जिम्मेवारी पाएका छन् भने पर्वतका होटल व्यवसायी कृष्णप्रसाद श्रेष्ठ कोषाध्यक्षमा चयन भएका छन् । यसैगरी समितिको सदस्यमा होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, बाग्लुङका अध्यक्ष सञ्जयकुमार श्रेष्ठ, म्याग्दीकी अध्यक्ष सिर्जना भट्टचन, तनहुँका अध्यक्ष जीवन शाही, नवलपुरका अध्यक्ष डीवी चौधरी र लम्जुङका अध्यक्ष रामकुमार श्रेष्ठ रहेका छन् । स्याङजा, मुस्ताङ र मनाङबाट पनि समितिमा छिटै प्रतिनिधित्व गराइने नवनिर्वाचित अध्यक्ष गैह्रेले जानकारी दिए । सो अवसरमा बोल्दै सबै पदाधिकारी र सदस्यहरुले व्यवसायिक एकतामा जोड दिएका थिए । होटल क्षेत्रले उद्योग सरहको मान्यता पाउनुपर्ने, पर्यटकको संख्या भन्दा गुणस्तरमा ध्यान दिनुपर्ने, प्रबर्द्धनको कामलाई अगाडि बढाउनुपर्ने लगायतका भनाई पनि उनीहरुले राखेका थिए ।

नवनिर्वाचित अध्यक्ष गैह्रेले सबै जिल्लाका सबै होटल संघ र सम्बन्धित व्यवसायीलाई समेटेर उहाँहरुको सल्लाह र सुझाव अनुसार नै प्रदेश कमिटी अगाडि बढ्ने भनाई राखे । हानका केन्द्रिय सदस्य विप्लव पौडेलले प्रदेश कमिटी गठन गर्न केन्द्रबाट पाएको जिम्मेवारी आफूले पूरा गरेको भन्दै नयाँ कमिटीलाई बधाई ज्ञापन गरेका थिए ।

## जनताको विश्वासलाई शिरमा राखेर काम गर्न पौडेलको आग्रह

**पोखरापत्र संवाददाता**

**दमौली, ९ जेठ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले जनताको विश्वासलाई शिरमा राखेर काम गर्नुपर्ने बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिकामा नेपाली कांग्रेसले विजय हासिल गरेपछि आज आयोजित विजयसभालाई सम्बोधन गर्दै उहाँले जनताको विश्वासलाई साकार गर्नेतर्फ लाग्नुपर्ने बताउनुभयो । जनताको विश्वासमाथि तुषारापात हुन दिन नहुने भन्दै वरिष्ठ नेता पौडेलले



शासक नभई जनताको सेवक बनेर काम गर्न आग्रह गर्नुभयो । उहाँले ठोस विकासका लागि काम गर्न आग्रह गर्दै भन्नुभयो, "नगरको विकासमा धेरै काम गर्न बाँकी छ, विकासको कामलाई मूर्त रुप दिन बाँकी छ ।" जनतालाई गाउँमै बसुँबसुँ बनाउनका लागि आफूले राजनीति सुरु गरेको भन्दै पौडेलले उक्त अभियान सफल भएरै छाड्ने बताउनुभयो । राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र विकासलाई गति दिएर नेपाललाई सफल बनाउने अभियान कांग्रेसको मूल ध्येय रहेको उहाँको भनाइ थियो । देशको विकास र स्थायित्वका लागि गठबन्धन गरिएको चर्चा गर्दै उहाँले आगामी दिनमा पनि गठबन्धनलाई निरन्तरतादिइनेबताउनुभयो।कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराईले घोषणापत्रअनुसार काम गर्ने जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । व्यासकानवनिर्वाचितप्रमुखवैकुण्ठ न्यौपानेले जनताको भावनाअनुसार काम गर्ने बताउनुभयो ।

## निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकामा सरकारको धन्यवाद

**रासस**

**काठमाडौं, ९ जेठ**

सरकारले स्थानीय तह सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएकामा निर्वाचन आयोग, राजनीतिक दल, मतदातालगायत सबैमा धन्यवाद ज्ञापन गरेको छ।

यही जेठ ६ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय तथा सुरक्षाकर्मी, सञ्चार माध्यम तथा सञ्चारकर्मी, नागरिक समाजलगायत निर्वाचन कार्यमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुर्‍याउने सबैलाई धन्यवाद दिएको हो । बैठकले यही जेठ ९ देखि १३ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने संयुक्त राष्ट्र सङ्घीय एसिया प्रशान्त आर्थिक तथा सामाजिक आयोग (युनेस्क्याप) को ७८ औँ सत्रमा सहभागी हुन राष्ट्रिय योजना आयोगका सदस्य डा दिलबहादुर गुरुङ नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

वैदेशिक रोजगारीबाट फर्केकाको पुनःएकीककरण आयोजनाको लागि स्वीजरल्याण्ड सरकारबाट प्राप्त हुने करिब रु ८६ करोड १३ लाख अनुदान सहायता स्वीकार गर्ने, विश्व बैंकबाट यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त हुने २७५ मिलियन अमेरिकी डरल (करिब ३३ अर्ब) ऋण सहायतासम्बन्धमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ।

बैठकले नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०७९ बनाउन स्वीकृति दिएको छ। मन्त्रिपरिषद्ले सशस्त्र प्रहरी नायब महानिरीक्षक नारायणदत्त पौडेललाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा र प्रहरी नायब महानिरीक्षक वसन्तकुमार लामालाई नेपाल प्रहरीको जनपद प्रहरी समूहको अतिरिक्त महानिरीक्षकको पदमा बढुवा गर्ने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिनुभयो ।

बैठकले यही जेठ १८ मा नर्वे र १९ गते फिनल्याण्डसँग हुने द्विपक्षीय परामर्श संयन्त्रका बैठकमा भाग लिन जानका लागि परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्याल


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# तनहुँका दशमध्ये पाँचमा कांग्रेस, चारमा एमाले, एकमा माओवादी

**पोखरापत्र संवाददाता**
**दमौली, ९ जेठ**

स्थानीय तह निर्वाचन अन्तर्गत तनहुँका दशवटै पालिकाको मतपरिणाम सार्वजनिक भएको छ । व्यास नगरपालिकाको मतगणना आइतबार राति सम्पन्न भएपछि जिल्लाका सबै पालिकाको नतिजा आएको हो ।

जिल्लाका चार नगरपालिका र छ गाउँपालिकामध्ये नेपाली कांग्रेसले पाँच, नेकपा एमालेले चार र नेकपा माओवादी केन्द्रले एक पालिका जितेको छ। नेपाली कांग्रेसले व्यास नगरपालिकाको प्रमुख र उपप्रमुख, भानु नगरपालिकाको प्रमुख र उपप्रमुख, शुक्लागण्डकी नगरपालिकाको प्रमुख, ऋषिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, देवघाट गाउँपालिकाको अध्यक्ष जितेको छ । त्यस्तै कांग्रेसले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष, म्याग्दे गाउँपालिकाको उपाध्यक्षमा विजय हासिल गरेको छ । नेकपा एमालेले घिरिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, म्याग्दे गाउँपालिकाको अध्यक्ष, भीमाद नगरपालिकाको प्रमुख र उपप्रमुख, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा विजय हासिल गरेको छ । नेकपा माओवादी केन्द्रले आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, शुक्लागण्डकी नगरपालिकाको उपप्रमुख, देवघाट गाउँपालिकाको उपाध्यक्षमा विजय हासिल गरेको छ।

नेपाली कांग्रेसबाट व्यास नगरपालिकाको प्रमुखमा बैकुण्ठ न्यौपाने र उपप्रमुखमा इन्दिरा दरै, भानु नगरपालिकाको प्रमुखमा आनन्दराज त्रिपाठी र उपप्रमुखमा उमा गोतामे, शुक्लागण्डकी नगरपालिकाको प्रमुखमा कृष्णराज पण्डित, ऋषिङ गाउँपालिकाको अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ, उपाध्यक्षमा गिनुमाया थापा, देवघाट गाउँपालिकाको अध्यक्षमा तिलबहादुर थापा विजयी हुनुभएको छ । बन्दीपुर गाउँपालिकाको उपाध्यक्षमा पञ्चमाया गुरुङ, म्याग्दे गाउँपालिकाको उपाध्यक्षमा बालकृष्ण घिमिरे विजयी हुनुभएको छ। नेकपा एमालेबाट घिरिङ गाउँपालिकाको अध्यक्षमा होमबहादुर थापा, उपाध्यक्षमा राधादेवी अधिकारी, म्याग्दे गाउँपालिकाको अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ, भिमाद नगरपालिकाको प्रमुखमा दधिराज सुवेदी, उपप्रमुखमा शारदा खनाल, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा सुरेन्द्र थापा विजयी हुनुभएको छ । नेकपा माओवादी केन्द्रबाट आँबुखैरेनी गाउँपालिकाको अध्यक्षमा शुक्र चुमान, उपाध्यक्षमा दुर्गा अर्याल, शुक्लागण्डकी नगरपालिकाको उपप्रमुखमा खुमबहादुर विक, देवघाट गाउँपालिकाको उपाध्यक्षमा भुवनसिं गुरुङ विजयी हुनुभएको छ। जिल्लाका ८५ वडामध्ये नेपाली कांग्रेसले ४६, नेकपा (एमाले) ले २८ र नेकपा माओवादी केन्द्रले ७ वडा जितेको छ । स्वतन्त्रबाट चार जनाले वडाध्यक्षमा विजय हासिल गरेका छन् ।

निर्वाचनबाट जिल्लाका चार सय ४५ जनप्रतिनिधि निर्वाचित भएका छन् । प्रमुख/उपप्रमुख २०, वडाध्यक्ष ८५ र तीन सय ४० जना वडा सदस्य निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ।

# आठ अध्यादेश स्वीकृत

**रासस**
**काठमाडौं, ९ जेठ**

राष्ट्रियसभाको आजको बैठकले विभिन्न आठ अध्यादेश स्वीकृत गरेको छ।

बैठकले सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश २०७८, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश २०७८, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश २०७८, औषधि (तेस्रो संशोधन) अध्यादेश २०७९, स्वास्थ्यकर्मी तथा सवास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०७९, फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०७८, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ र रेल्वे अध्यादेश २०७८ लाई स्वीकृत गरेको हो।

यी आठ वटै अध्यादेशलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो।

बैठकमा गृहमन्त्री बालकृष्ण खाडले सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश २०७८, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश २०७८, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश २०७८ लाई स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

त्यसैगरी औषधि (तेस्रो संशोधन) अध्यादेश २०७९, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०७९ लाई स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री भवानीप्रसाद खापुङका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवका तर्फबाट आपूर्तिमन्त्री बडूले रेल्वे अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०७८, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ लाई पनि कानुन, न्याय, तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाका तर्फबाट आपूर्तिमन्त्री बडूले स्वीकृतिका लागि प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

बैठकको अन्त्यमा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपति विद्यादेवी भण्डारीले मङ्गलबार (भोलि) अपराह्न ४ बजे बस्ने सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै सरकारका तर्फबाट प्रस्तुत हुने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम रहेकाले निर्धारित समयभित्रै सांसदहरुलाई उपस्थितिका लागि निर्देशन समेत दिनुभएको छ । राष्ट्रियसभाको अर्को बैठक मङ्गलबार साँझ ६ बजे बस्ने भएको छ।

# सेभेन ए साईड फुटबल भीमकालीसँग बी-१३ पराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ जेठ**

जनएकता क्लबको आयोजनामा सञ्चालित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता अन्तर्गत सोमबारको खेलमा रविन्स गार्डेनलाई पुलिस ट्रेनिङ सेन्टरले ४-० गोलले पराजित गर्दै अर्को चरण प्रवेश गरेको छ।



पुलिसका लागि कृष्ण गुरुङले दुई तथा सुर्य मगर र शक्ति मिजारले समान एक एक गोल गरे । खेलमा शक्ति मिजार म्यान अफ दि म्याच घोषित भए। त्यस्तै दोस्रो खेलमा बी-१३ लाई भीमकालि एफसीले २-० गोलले पन्छाएको छ। सुमित श्रेष्ठले दुवै गोल गर्दै म्यान अफ दि म्याचको हकदार भए। तेस्रो खेलमा मर्दी एफसीले रिलीमिली एफसीलाई ६-० ले पराजित गरेको छ।

विशाल सुनारले दुई, रोशन थापाले २ र मनिष थापाले दुई गोल गरे। खेलमा विशाल सुनार म्यान अफ दि म्याचबाट पुरस्कृत भए । चौथो खेलमा २५ केले कमलपोखरी एफसीलाई १-० को कठिन जित निकाल्यो । अनिष परियारले निर्णायक गोल गर्दै म्यान अफ दि म्याच हकदार बने ।

मन्त्र चर्च ब्वाईजले मेरो नेपाली युथ क्लब बीलाई ६-० ले पराजित गरेको छ । मन्त्रको लागि भीडि छन्त्यालले ह्याट्रिक गरे । निशान गुरुङले एक, बीर तामाङ र साईमन तामाङले एक एक गोलको योगदान दिए । छन्त्याल म्यान अफ दि म्याच भए।

भदौरे एफसी जनएकता युथा क्लब सेतोसँग २-१ गोलले पराजित हुन पुग्यो । भदौरेका लागि राजन थापाले गोल गरे । जनएकताका लागि रविन गुरुङ र राहुल थापाले गोल गर्दै जित दिलाए । राहुल म्यान अफ दि म्याच घोषित भए । त्यस्तै मनोहर एफसीलाई कमलपोखरी एफसीले ६-० ले पन्छायो । अजय गुरुङले चार तथा उपेन गुरुङ र सुदेश गुरुङले एक एक गोल गरेका थिए।

रामेश्वरी माविको खेलमैदानमा आयोजित प्रतियोगितामा ४६ टोलीको सहभागिता रहेको छ। विजेताले १ लाख ११ हजार रुपैयाँ र उपविजेताले ६१ हजार रुपैयाँ प्राप्त गर्ने छन्।

# एन्फा अध्यक्षमा कर्मा छिरिङ शेर्पाको उम्मेदवारी घोषणा

**रासस**
**काठमाडौं, ९ जेठ**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को आगामी असार ६ गते हुने केन्द्रीय निर्वाचनका लागि कर्माछिरिङ शेर्पाले अध्यक्ष पदमा पुनःउम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

एन्फाको वर्तमान अध्यक्षसमेत रहनुभएका शेर्पाले आज पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष पदमा दोस्रो कार्यकालका लागि उम्मेदवारी दिने घोषणा गर्नुभएको हो । चार वर्षअघि शेर्पा आफ्नो प्यानलसहित एन्फा नेतृत्वमा निर्वाचित हुनुभएको थियो। उहाँले यसअघि कोभिडका कारण सोचेअनुरुप काम गर्न नसके पनि आगामी दिनमा नेपाली फुटबल क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने बताउनुभयो । वर्तमान अध्यक्ष शेर्पाले पहिलो कार्यकालमा धेरै काम सुरु भएको र ती कामलाई पूर्णता दिन तथा नेपाली फुटबललाई अझै माथि उठाउनका लागि पनि आफूले फेरि उम्मेदवारी दिएको बताउनुभयो । `र्पा प्यानलबाट वरिष्ठ उपाध्यक्षमा शिक्षित पराजुली, उपाध्यक्षमा विज्ञानराज शर्मा, कुमार केसी, उपेन्द्रमान सिंह र रत्नकुमार श्रेष्ठ हुनुहुन्छ। त्यसैगरी सदस्यमा दीपक थापा, प्रदीप यादव, रूपेश अधिकारी, लोकेन्द्र गुरूङ, रामराजा गुरूङ, टीकाराम लामा, प्रदेशसिंह राठोर, भरतगुण थापा, अनिल श्रेष्ठ, रमेश ब्यञ्जनकार, मणिराज विष्ट र मनिष जोशी हुनुहुन्छ । महिला सदस्यमा भने उम्मेदवारी घोषणा गरिएको छैन । एन्फाको आसन्न निर्वाचनका लागि शुक्रबारदेखि उम्मेदवारी दर्ता प्रक्रिया सुरु भइसकेको छ । यसअघि पङ्कज नेम्वाङले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराइसक्नुभएको छ । उहाँको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा वीरबहादुर खड्काले उम्मेदवारीको घोषणा गर्नुभएको छ।

# यू-१९ महिला क्रिकेट टोलीको कप्तानमा मरासिनी

**रासस**
**काठमाडौं, ९ जेठ**

नेपाल क्रिकेट सङ्घ (क्यान)ले उन्नाइस वर्षमुनि (यू-१९) महिला क्रिकेट टोलीको कप्तानमा कृतिका मरासिनीलाई नियुक्त गरेको छ।

क्यानले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै मरासिनीलाई कप्तानमा नियुक्त गरेको जानकारी दिएको हो । मलेसियामा आयोजना हुने आईसीसी यू-१९ महिला विश्वकप छनोटका लागि क्यानले उनलाई कप्तानमा चयन गरेको हो । यही जेठ २१ गतेदेखि सुरु हुने उक्त छनोटमा नेपाल, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), थाइल्याण्ड, चीन, भुटान, म्यानमा र कतार सहभागी हुने छन । नेपालले उक्त छनोट प्रतियोगिताका लागि यसअघि मरासिनीको कप्तानीमा १८ सदस्यीय टोलीको घोषणा गरिसकेको छ । टोलीका अन्य खेलाडीमा एलिसा यादव, रञ्जु श्रेष्ठ, अञ्जली विक, हिरान्मायी रोय, एलिसा खडिया, मनिषा उपाध्याय, स्नेहा महरा, किरण कुँवर, सोनु राजवंशी, टिका शाह, सृष्टि धामी, साविधी धामी, निसा साह, मनिषा राना मगर, प्रतिमा साह, ज्योतिनिस्का मरासिनी र मनिषा चौधरी छन्।

# निर्वाचन...

नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ।

बैठकले कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकाअन्तर्गतको जग्गा नापजाँचसम्बन्धी गठन आदेश, २०७८ स्वीकृत, वन नियमावली, २०७९ स्वीकृति, सुर्खेत भेरीगङ्गा (रामघाट) विमानस्थल निर्माणका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

# हवाई भाडा बढ्यो

**रासस**
**काठमाडौं, ९ जेठ**

नेपाल आयल निगमले आन्तरिकतर्फको हवाई इन्धनको मूल्यवृद्धि गरेसँगै हवाई भाडा बढेको छ । नेपाल वायु सेवा सञ्चालक सङ्घले बुधबारदेखि लागू हुने गरी नयाँ भाडादर सार्वजनिक गरेको छ । नयाँ भाडादरमा रु ९० देखि रु ४४५ सम्म वृद्धि भएको छ । सबैभन्दा लामो दूरीका रुपमा रहेको काठमाडौँ-धनगढीको भाडा रु ४४५ बढेको छ। वृद्धि भएको भाडादर अनुसार काठमाडौँ-सिमराको भाडा रु तीन हजार ७२५ कायम भएको छ भने काठमाडौँ-धनगढी रु १५ हजार ६६५ कायम भएको छ । काठमाडौँ-भद्रपुर ११ हजार ९३५, काठमाडौँ-विराटनगर नौ हजार ३२५, काठमाडौँ-जनकपुर पाँच हजार २५०, काठमाडौँ-भरतपुर चार हजार ४३५ र काठमाडौँ-पोखरा छ हजार ३०५ कायम भएको छ। काठमाडौँ-भैरहवा सात हजार ८८०, काठमाडौँ-नेपालगञ्ज १२ हजार ८९५ र काठमाडौँ-तुम्लिङटार सात हजार ४६० कायम भएको छ।

माउन्टेन फ्लाइटको भाडादर रु १३ हजार ७६५ कायम भएको सङ्घले जनाएको छ । नेपाल आयल निगमले आइतबार हवाई इन्धनको मूल्यमा प्रतिलिटर रु १० वृद्धि गरेको थियो । अहिले हवाई इन्धन (आन्तरिक)को मूल्य प्रतिलिटर रु १६६ छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# बलात्कार मुद्दामा हदम्याद नतोक

आठवर्षअघि भएको मिस ग्लोबल इन्टरनेसनल प्रतियोगिताकी एक सहभागीले आफू आयोजकबाट बलात्कृत भएको खुलासा गरेपछि आरोपित पक्राउ परेका छन । पक्राउ परेका मनोज पाण्डेलाई कुन मुद्दा लगाउने भन्नेमा प्रहरी अलमलमा परेको छ । हदम्यादलाई लिएर यसमा बहस सुरु भएको छ । संसदमा समेत विषय उठेपछि सरकारले पनि छानबिन समिति बनाएको छ । बलात्कार आरोपितलाई मुद्दा चलाउन माग गर्दै प्रधानमन्त्री निवास बालुवाटारदेखि माइतीघर मण्डलासम्म युवाले प्रदर्शन गरे । त्यसले यो विषयमा संवेदनशील हुन सरकारलाई बाध्य पारेको छ ।

बलात्कारजस्तो मुद्दामा सरकारको ध्यान यसै पनि आकर्षित हुनुपर्थ्यो । जस्तो कि कानुनमै भनिएको छ कि बलात्कार जस्ता जघन्य अपराधका घटनामा जाहेरी नपरे पनि प्रहरीले अनुसन्धान अघि बढाउनुपर्छ। मुद्दा चलाउनुपर्छ सरकार बाहिर दबाबमूलक आन्दोलन नगरेसम्म केही नगर्ने हुँदा दबाब जारी रहनुपर्छ । बलात्कारसम्बन्धी मुद्दाको हदम्याद केवल १ वर्ष हुन्छ । त्यसो भए ती पीडितले न्याय कसरी पाउने ? बलात्कार मुद्दामा हदम्यादको व्यवस्था हटाऊ। विद्यमान कानुनअनुसार ती महिलाले कानुनी उपचार पाउने बाटो सकिएको कतिपय विद्वान् अधिवक्ताको भनाइ छ । तर, कतिपयले भने यस्तो मुद्दामा न्यायिक सक्रियताको खाँचो औंल्याएका छन् । प्रश्न निकै गम्भीर छ– बलात्कार भएको हो भने हदम्याद नाघेकै आधारमा न्याय नपाउने ? पाउने हो भने कसरी पाउने ? कोही पीडित भएकै हो भने र घटना भएको सत्य हो भने ढिला भयो भनेकै आधारमा न्यायको ढोका बन्द हुन कत्ति पनि न्यायसंगत देखिन्न ।

यसमा अनुभव र विद्वान्हरूको सुझावअनुसारै न्यायिक सक्रियताको खाँचो देखिन्छ । सरकारले छानबिन समिति बनाउनु र प्रहरीले आरोपितलाई पक्राउ गर्नु सकारात्मक छ । युवाको प्रदर्शनका दबाबलाई मत्थर पार्ने उपायका रूपमा मात्रै छानबिन समिति र आरोपितको गिरफ्तारी सीमित हुनु हुँदैन । अधिकांशतः नेपालमा छानबिन समितिहरू पीडितका आवाजलाई थामथुम पार्न र दबाबबाट उम्कनमात्रै गठन गरिन्छन् । समय बित्दै जाँदा विरोधका स्वरहरू मधुरा हुन थालेपछि सरकार फेरि कानमा तेल हालेर बसिहाल्छ। जब कि फौजदारी अपराध आफैंमा सरकारवादी मुद्दा हो ।

यस्ता जघन्य अपराधमा दबाबबिनै सरकार आफैं अग्रसर हुनुपर्थ्यो । न्यायिक सक्रियता वा न्यायालयको विवेकबाटै यो मुद्दा किनारा लाग्न सक्छ । पीडित युवतीले न्याय पाउन सक्छिन् । तर, कस्तो अवस्थामा न्यायिक सक्रियता देखाउने ? यो कुनै कानुनमा व्यवस्था भएको विषय होइन । केवल न्यायालयको विवेकको कुरा हो। हो, त्यस्तो विवेकको खाँचो यो मुद्दामा आवश्यक छ ।

# गुम्बा पुनः निर्माणका लागि नेता गुरुङद्वारा पाँच लाख सहयोग

पोखरापत्र संवाददाता
लमजुङ, ९ जेठ

यहाँ निर्माणाधीन समुँता गुम्बा पुनः निर्माणमा सहयोग पुग्ने लक्ष्यका साथ नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक एवं सङ्घीय सांसद देवप्रसाद गुरुङले रु पाँच लाख सहयोग गर्नुभएको छ ।

लमजुङ सुन्दरबजार नगरपालिका-९ मा निर्माणाधीन उक्त गुम्बा निर्माणका लागि आज पूर्वमन्त्रीसमेत रहनुभएका नेता गुरुङले सहयोग गर्नुभएको हो । नेता गुरुङले सो गुम्बामै पुगेर समुँता गुम्बा समितिका अध्यक्ष वीरसिंह घलेलाई उक्त रकम हस्तान्तरण गर्नुभयो । सो अवसरमा उहाँले गुम्बा निर्माणमा टेवा पुग्ने लक्ष्य र गुम्बा समितिको समेत पहिलादेखि नै माग भएकाले सहयोग गरेको बताउनुभयो। यस्ता धार्मिक मठमन्दिर, गुम्बाहरूको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । समितिका अध्यक्ष घलेले नेता गुरुङले गरेको सहयोगले गुम्बा पुनः निर्माण गर्न धेरै सहज हुने भन्दै उहाँलाई धन्यवाद व्यक्त गर्नुभयो । विभिन्न व्यक्ति, सङ्घसंस्थाबाट पनि अलिअलि सहयोग आइरहेको र सोही रकमबाट कामहरु हुने गरेको र अझै गुम्बामा कार्यक्रम हल, घुम्ने मानेक राख्न, गुम्बाभित्र बौद्ध धार्मिक लेखहरु लेख्न बाँकी रहेको उहाँको भनाइ छ । समितिका अध्यक्ष घलेका अनुसार गत २ गतेसमेत पर्वत जिल्ला घर भई हाल ललितपुरमा बस्दै आउनुभएका गोपालसिंह घलेले रु सात लाख ३३ हजार ७१० सहयोग गरेको थियो । विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले उक्त गुम्बा पूर्णरूपमा भत्किएको थियो । गुम्बाको एक रोपनी जग्गा रहेकोमा ७ आनामा गुम्बा निर्माण भइरहेको छ । गुम्बा विसं २०४५ मा निर्माण भएको थियो । उक्त समयमा गएको भूकम्पले पूर्ण क्षति बनाएपछि यतिका समयसम्म पनि पुनः निर्माण सम्पन्न हुन सकेको छैन ।

# सत्र नाउर र आठ झारलको सिकार

पोखरापत्र संवाददाता
बागलुङ, ९ जेठ

ढोरपाटन सिकार आरक्षमा वर्षमा दुई याम सिकार खुल्छ । पहिलो (असोज-मङ्सिर) र दोस्रो (फागुन-वैशाख) । चालू आवको दोस्रो सिकार याम पनि सकिएको छ ।

यो वर्ष १७ नाउर र आठ झारलको सिकार भएको आरक्ष कार्यालयले जनाएको छ । पहिलो याममा १० नाउर र छ झारलको सिकार कोटा तोकिएकामा नौ नाउर र तीन झारलको मात्र सिकार गरिएको थियो ।

यस्तै पछिल्लो याममा आठ नाउर र पाँच झारलको सिकार भएको कार्यालयका सहायक संरक्षण अधिकृत सूर्य खड्काले बताउनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दोस्रो यामका लागि नौ नाउर र छ झारलको सिकार कोटा तोकेको थियो । उक्त याममा सिकार कम्पनी नेपाल ट्राभल एक्सपिडिसनले सबैभन्दा बढी सिकार खेलाएको थियो । त्यस कम्पनीमार्फत् फ्रान्सका तीन, अमेरिका र डेनमार्कका एक/एक जना सिकारी ढोरपाटन पुगेका थिए । उनीहरुले गत चैत ६ देखि वैशाख ७ गतेसम्मको अवधिमा सुनदह, दोगाडी, बार्से, फागुने र सेङ 'ब्लक'मा सिकार खेलेका थिए । दोस्रो याममा सिकार कम्पनी हिमालयन सफारिजले मेक्सिकोका दुई र नर्वेका एक सिकारीलाई ढोरपाटन पुऱ्याएको थियो । नर्वेका सिकारीले दोगाडी 'ब्लक'मा एक नाउर र एक झारल, मेक्सिकनले सुनदह र सेङमा एक नाउर तथा एक झारलको सिकार गरेका थिए । यस्तै ग्लोबल सफारिजमार्फत आरक्ष पुगेका मेक्सिकोका सिकारीले घुस्तुङ 'ब्लक'मा एक नाउर र एक झारलको सिकार गरेका थिए । सोही कम्पनीमार्फत आउने भनिएका हङ्गेरीका सिकारी अन्तिम समयमा नआएपछि घुस्तुङ 'ब्लक'मा तोकिएको एक नाउर र एक झारलको भने सिकार नभएको आरक्ष कार्यालयले जनाएको छ ।

पहिलो याममा भने हिमालयन, ग्लोबल सफारिज, नेपाल ट्राभल एक्सपिडिसनबाहेक हिमालयन वाइल्ड लाइफ आउटफिटर र ट्र्याक एण्ड ट्रेल्सले पनि सिकार खेलाएको थियो । ती सिकार कम्पनीले मेक्सिको, फ्रान्स, रुस, युक्रेन, स्पेन र चेक रिपब्लिकका सिकारीलाई ढोरपाटन पुऱ्याएका थिए । उक्त याममा केही सिकारीले निशाना लगाउन नसक्दा कोटाअनुसार नाउर र झारलको सिकार हुन नसकेको हो । सहायक संरक्षण अधिकृत खड्काका अनुसार आउँदो आवको पहिलो सिकार याम असोजदेखि सुरु हुन्छ । विभागले तोकेको कोटाअनुसार आरक्षमा सिकार खेलाउने गरिन्छ । "विद्युतीय बोलपत्रमार्फत छानिएका कम्पनीलाई मात्र विभागले सिकारका लागि अनुज्ञापत्र दिने गर्छ", उहाँले भन्नुभयो, "बोलपत्रमा हुने प्रतिस्पर्धाका आधारमा सिकारको राजस्व दर निर्धारण हुन्छ ।" कुनै याममा सिकारको माग कम आउँदा कम्पनी प्रतिस्पर्धा गर्न चाहन्नन् । माग बढी हुँदा भने सीमित कोटाका लागि प्रतिस्पर्धा बढ्छ र कम्पनी पनि बढी राजस्व तिर्न तयार हुन्छन् । कम्पनीले यो वर्षको दोस्रो याममा नाउर सिकारको न्यूनतम रु तीन लाख ५० हजारदेखि रु १४ लाख २५ हजारसम्म राजस्व सरकारलाई बुझाएको ग्लोबल सफारिजका प्रबन्ध निर्देशक शम्शेर पराजुलीले जानकारी दिनुभयो ।

"सिकारको माग धेरै आउँदा दरभाउपत्रमा प्रतिस्पर्धा हुन्छ, अनि राजस्व पनि बढ्छ", निर्देशक पराजुलीले भन्नुभयो, "कोरोना महामारीको जोखिम घटेसँगै सिकारका लागि विदेशी ढोरपाटन आउन उत्सुक छन् ।"

बन्दाबन्दी र यात्रा प्रतिबन्धका कारण कोरोना महामारी सुरु भएको पहिलो वर्ष ढोरपाटनमा सिकार नै हुन सकेको थिएन । सिकार पर्यटनका लागि विश्वमै प्रख्यात ढोरपाटन सौखिन र खर्चिला विदेशी सिकारीको रोजाइमा पर्ने गरेको छ । एउटै सिकारीले रु ३० देखि ३५ लाखसम्म सिकारमा खर्चन्छन् । सिकारी हेलिकप्टरबाट आरक्षमा पुग्छन् । विसं २०३९ मा स्थापना भएको आरक्ष देशकै एकमात्र वैधानिक सिकार गन्तव्य हो । सिकार खेलाएर आरक्षले बर्सेनि करोडौं रुपैयाँ राजस्व राज्यको ढुकुटीमा योगदान गर्दै आएको छ ।

# भरतपुरमा दाहालको दश हजार बढीको अग्रता

रासस
चितवन, ९ जेठ

भरतपुर महानगरपालिकामा पाँच दलीय गठबन्धनका तर्फबाट प्रमुख पदमा नेकपा (माओवादी केन्द्र)की रेनु दाहालले १० हजार २५७ मत अन्तरले अग्रता लिनुभएको छ ।

उहाँले ४४ हजार ४५५ मत प्राप्त गर्दा नेकपा (एमाले)का विजय सुवेदीले ३४ हजार २९८ मत प्राप्त गर्नुभएको छ । स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले १३ हजार ५८३ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

उपप्रमुखमा चित्रसेन अधिकारीले ४५ हजार ६९४ मत प्राप्त गर्नुभएको छ । उपप्रमुखमा राप्रपाकी हिमला गुरुङले २७ हजार ११६ मत प्राप्त गर्नुभएको छ । महानगरमा हालसम्म एक लाख ११ हजार २७३ मतगणना सकिएको छ । अहिले वडा नं २५ र २६ को मतगणना जारी छ ।

भरतपुरमा एक लाख २७ हजार ८३९ मत खसेको छ । भरतपुरमा अहिलेसम्म २४ वडाको मतगणना सम्पन्न भएको छ । उनन्तीस वडा रहेको यस पालिकाको मतगणना आज रातिसम्ममा सम्पन्न हुने अनुमान गरिएको छ ।

# स्थानीय तहको निर्वाचन कांग्रेसको पक्षमा सन्तोषजनक नतिजा : प्रवक्ता महत

रासस
काठमाडौं, ९ जेठ

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा कांग्रेसको पक्षमा सन्तोषजनक नतिजा आएको बताउनुभएको छ ।

कांग्रेसले सोमबार पत्रकार सम्मेलन गरी देशभरका ७५३ स्थानीय तहमध्ये ७२८ पालिकाको नतिजा आउँदा कांग्रेसको पक्षमा सन्तोषजनक नतिजा आएको बताएको हो । "७२८ स्थानीय तहको नतिजा सार्वजनिक हुँदा कांग्रेसले ३२० स्थानीय तहको प्रमुख र २९४ स्थानीय तहको उपप्रमुख पद जितेको छ, नतिजा हेर्दा सन्तोषजनक छ", प्रवक्ता डा महतले भन्नुभयो ।

सरकारले निर्वाचनलाई भयरहित वातावरणमा स्वच्छ, निश्पक्ष र धाँधलीरहित ढङ्गले सम्पन्न गर्न निर्वाचन आयोगलाई सहयोग पुऱ्याए पनि प्रतिस्पर्धी पार्टी एमालेका केन्द्रीय नेताको सङ्लग्नता र निर्देशनमा बाजुराको बुढीगङ्गा नगरपालिकामा बाहुबल प्रयोग गरी कांग्रेसका उम्मेदवार र प्रतिनिधिमाथि आक्रमण गर्ने, लखेट्ने, बन्धक बनाउने फर्जी मत हाल्नेलगायतका काम गरेको भन्दै उक्त ठाउँमा पुनःमतदान गर्न निर्वाचन आयोगसँग कांग्रेसले मागसमेत गरेको छ । उदयपुरको त्रियुगा नगरपालिकामा मतगणना रोकिएकाले यसमा छिटो निर्णय गर्न कांग्रेसले निर्वाचन आयोगसमक्ष अनुरोध गरेको छ ।

प्रवक्ता डा महतले संविधानलाई कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र वडा तहसम्म लोकतान्त्रिक पद्धतिको अभ्यास र विकास गरी देशको विकास र जनताको जीवनस्तरमा आधारभूत परिवर्तन ल्याउने दृष्टिकोणबाट निर्वाचन सफल भएको बताउनुभयो।

कांग्रेसले अनेकौं अप्ठ्यारा बाबजुद स्थानीय तहको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र भयरहित वातावरणमा सम्पन्न गराउन नेतृत्व लिएको भन्दै पार्टीका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई धन्यवाद दिएको छ । निर्वाचनको मिति घोषणा भएदेखि नै निर्वाचन सम्पन्न गर्न पार्टीको केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, गाउँ तथा नगरपालिका कार्य समिति, वडा तथा टोल कार्यसमितिसहित क्रियाशील तथा साधारण सदस्य र आम मतदातालाई धन्यवाद दिएको छ । स्थानीय तहको मत परिणामले आमजनतामा कांग्रेस प्रतिको विश्वास बढेको उहाँको भनाई छ । प्रवक्ता डा महतले गठबन्धनका सन्दर्भमा निर्णय अन्तिम समयमा हुँदा यसको सन्देश मतदातासमक्ष पुऱ्याउन भएको कठिनाइले केही समस्या आएको उल्लेख गर्दै समग्रमा स्थानीय तहको निर्वाचनमा पाँच दलबीचमा भएको तालमेल सफल भएको बताउनुभयो । कांग्रेसले आफ्नो पार्टीको पक्षमा निर्वाचनको परिणाम आउनु पार्टी सभापतिको सुझबुझ पूर्ण नेतृत्व, गठबन्धन सरकारले कोभिड-१९ को व्यवस्थापन, सुशासन र अन्तर्राष्ट्रिय सम्बन्धमा देखाएको परिपक्वता, नेकपा सरकारले गरेका संविधान विरोधी गतिविधि, कुशासन र भ्रष्टाचार तथा कांग्रेसले सङ्गठन परिचालनमा देखाएको सक्रियता रहेको जनाएको छ ।

# राष्ट्रियसभा सदस्यद्वारा सदन तथा सरकारको ध्यानाकर्षण

रासस
काठमाडौं, ९ जेठ

राष्ट्रियसभाका सदस्यहरुले मुलुकका समसामयिक विषयमा सदन र सरकारको ध्यानाकर्षण गराउनुभएको छ। आजको बैठकको विशेष समयमा नेपाली कांग्रेसका कृष्णप्रसाद पौडेलले कांग्रेस नेतृत्वको सरकारले भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन सम्पन्न गरेकामा सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेकपा (एमाले) का भैरव सुन्दर श्रेष्ठले सरकारले सात महिनाको अवधिमा पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर जनतालाई महङ्गी ब्योहोर्न बाध्य पारेको आरोप लगाउँदै छिमेकी मुलुक भारतमा समेत सरकारले जनतालाई सहुलियत दिइरहेको बताउनुभयो ।

विशेष समयमा नेकपा( माओवादी केन्द्र)का मायाप्रसाद शर्माले अहिले आम जनता महँगीको मारमा परेको जनाउँदै निर्वाचनसमेत महँगो बन्दै गएको बताउनुभयो । उहाँले विगतमा भएका बलात्कारका घटनाको छानबिन गर्न कानुनी हदम्यादको समस्या देखिएको भए पनि दोषीलाई कानुनी कठघरामा ल्याउनैपर्ने बताउनुभयो । नेकपा (एकीकृत समाजवादी) का जयन्तीदेवी राईले दिन प्रतिदिन महिला हिंसा तथा बलात्कारका घटना बढ्दै गएको भन्दै महिलाको सुरक्षाको माग गर्नुभयो । बलात्कारीलाई कानुनी कठघरामा ल्याउन कानुन परिमार्जन गर्नुपर्ने उहाँको माग थियो । जनता समाजवादी पार्टी नेपालका प्रमिला कुमारीले बलात्कारीलाई आजीवन सजाय हुनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी राष्ट्रियसभाका स्वतन्त्र सदस्य डा खिमलाल देवकोटाले बलात्कार र जघन्य अपराधमा हदम्याद टराउनुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका गोपालकुमार बस्नेतले राज्यले स्वच्छ र पारदर्शी कार्यशैली अपनाउनुपर्नेमा जोड दिनुभयो । एमालेका भगवती न्यौपानेले बलात्कार सम्बन्धी कानुनमा रहेको हदम्याद संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । माओवादी केन्द्रका जगप्रसाद शर्माले मूल्यवृद्धि, महँगी र भ्रष्टाचार अन्त्यको माग गर्नुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मन चञ्चल | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १७ रामनगर टोल रामनगर बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः रामनगर बाटो ढलान**
**स्थानः पोखरा-१७ कास्की**
**योजना सम्झौता मिति : २०७८/११/३० गते**
**योजना सम्पन्न हुने मिति : २०७९/०२/१५ गते**
**योजना सम्पन्न मितिः २०७९/०२/०९ गते**
**योजनाको कुल लागत : रु. ३३,६९,६८५.१७।-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१६,००,००।-**
**उपभोक्ता समितिबाट : रु.१७,६९,६८५।-**
**योजनाको कुल लम्बाई ४५३ चौडाई ४ मि २० सेमि**
**उपभोक्ता समिति अध्यक्षः कमल बहादुर सापकोटा**
**उपाध्यक्षः विष्णु प्र. बराल सचिवः उमादेवी पौडेल**
**कोषाध्यक्षः विजय पौडेल सदस्यः लक्ष्मी लामिछाने, राधा गुरुङ, खेम बहादुर मगर**
**अनुगमान समितिः प्रकाश अधिकारी, सुमन तामाङ**

**रामनगर बाटो ढलान उपभोक्ता समिति**
**पोखरा-१७ कास्की**

# जलयात्रा प्रवर्द्धन गर्दै पोखरा पर्यटन परिषद्

-जमुनावर्षा शर्मा
पोखरा, ९ जेठ (रासस)

साहसिक पर्यटनको रुपमा लिइने जलयात्रा (र्‍याफ्टिङ) प्रवर्द्धनका लागि पोखरा पर्यटन परिषद्ले तल्लो मर्स्याङ्दीलाई छनोट गरेको छ । परिषद्को नेतृत्वमा पोखराका विभिन्न पर्यटनसँग सम्बद्ध संघ संस्थाका प्रतिनिधिसहितको एक टोलीले हालै लमजुङ राइनासको तल्लो मर्स्याङ्दी नदीमा करिब २६ किलोमिटर जलयात्रा गरेर पर्यटन प्रवर्द्धनको प्रयास गरेको हो ।



पोखरास्थित र्‍यापिड रनर एक्सपिडिसन्स प्रालिसँगको सहकार्य र नेपाल पर्यटन बोर्डको सहयोगमा ओझेलमा परेका गन्तव्यलाई प्रवर्द्धन गर्नका लागि परिषद्ले मर्स्याङ्दी नदीको तल्लो भाग र्‍याफ्टिङलाई छनोट गरेको अध्यक्ष गोपीबहादुर भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो "कोरोना पछि विस्तारै चलायमान हुँदै आएको पर्यटन क्षेत्रमा साहसिक खेलको रुपमा पर्यटकले मनोरञ्जन लिन सक्ने र्‍याफ्टिङ प्रवर्द्धन गर्नका लागि पोखरा नजिकको उक्त गन्तव्यलाई छनोट गरेका हौं ।" अध्यक्ष भट्टराईले पछिल्लो समय साहसिक पर्यटनमा आन्तरिक तथा बाह्य पर्यटकको रुचि बढ्दै गएकाले यस्ता गन्तव्यको पहिचान र प्रवर्द्धन आवश्यक रहेको उल्लेख गर्नुभयो। कोभिड-१९ ले थलिएको पर्यटनलाई पुनः सञ्चालन गर्न, जलयात्राको वृहत सम्भावना बोकेका नदी संरक्षणसँगै यसको अतिक्रमण रोक्न र अव्यवस्थित विकासले उत्पन्न गराएको विनाश रोक्नका लागि सन्देश प्रवाहका लागि दुईदिने प्रवर्द्धनात्मक कार्यक्रम गरिएको उहाँको भनाइ थियो ।

पोखराबाट करिब दुई घण्टामै पुगिने तल्लो मर्स्याङ्दीबाट जलयात्राको आनन्द लिन सकिने भएकाले यसलाई प्रचार प्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटकका लागि उत्कृष्ट गन्तव्यको रुपमा विकास गर्न सकिने अध्यक्ष भट्टराईले जोड दिनुभयो । सरकारले सानासाना हाइड्रोपावरका लागि जहाँपायो त्यहीका नदीलाई लाइसेन्स वितरण गर्दा पर्यटकीय महत्वका धेरै नदीको प्रकृतिक स्वरुप नष्ट हुँदै गएकामा चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो "हामीलाई प्रकृतिले धेरै कुरा दिएको छ तर सरकारले तिनको महत्व नबुझ्दा धेरै गुमिसक्यो । अब बचेका केही महत्वपूर्ण गन्तव्यको संरक्षणमा स्थानीय निकाय र पर्यटनका सरोकारवालाहरुले चासो दिएर पहल गर्नुपर्छ " अध्यक्ष भट्टराईले अव्यवस्थित नदी उत्खनन हुँदा त्यसको बहावमा समेत असर पर्ने भएकाले जलयात्राका लागि उपयुक्त नदीहरु मासिदै जाने अवस्था रोक्न सरकारको ध्यानाकर्षण गराउनु पर्नेमा जोड दिनुभयो ।

र्‍यापिड रनर एक्सपिडिसन्सका प्रबन्धनिर्देशक एवम् र्‍याफ्टिङ एशोसियशन गण्डकी च्याप्टरका अध्यक्ष वीरेन्द्र लामाले जलयात्रामा आन्तरिक तथा बाह्य पर्यटकको रुचि बढ्दै गएपनि कुन कुन स्थानमा कति बहावको जलयात्रा सञ्चालनमा छ भन्ने कुरा पर्यटकलाई जानकारी नहुँदा महत्वपूर्ण जलयात्रा स्थलहरु ओझेलमा परेको बताउनुभयो । सरकारले जलयात्राका लागि महत्वपूर्ण रहेका नदी संरक्षणमा ध्यान नदिँदा यस्ता गन्तव्य मासिदै जान लागेको उहाँको गुनासो थियो। अध्यक्ष लामाले भन्नुभयो "मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको ड्याम बन्नु अघि न्यादी वा नजिकैको खुदीबाट बेसीशहर हुँदै बिमलनगरसम्म चार दिनको र्‍याफ्टिङ विदेशीले निकै रुचाउँथे तर अहिले दुई दिनमा सीमित भएकाले यसको आकर्षण पनि कम भएको हो कि भन्ने आभास भएको छ ।" जलयात्राको सम्भावना भएका नदीको अध्ययनसहित सरकारले नदी नीति ल्याएर यसको संरक्षण र प्रवर्द्धनमा भूमिका निर्वाह गर्नुपर्ने उहाँको भनाइ थियो ।

अध्यक्ष लामाका अनुसार नदीमा हुने बहावका आधारमा गरिने वर्गीकरणमा मर्स्याङ्दीमा तीनदेखी पाँच प्लस सम्मका छालहरु छन् । माथिल्लो मर्स्याङदीमा चार प्लस र पाँच प्लसको छाल रहेको छ भने तल्लो मर्स्याङ्दीमा तीनदेखि तीन प्लससम्मको छ । गण्डकी प्रदेश भित्रको जलयात्रामा कालीगण्डकी अलि बढी प्रसिद्ध छ भने माथिल्लो मर्स्याङ्दी अलि बढी साहसिक मानिन्छ, यो विश्वको टप पाइभमा पनि पर्दछ । तल्लो मर्स्याङदी कम जोखिममा पर्दछ । नेपालका १६ वटा नदीमा र्‍याफ्टिङ हुने गरेको छ । जलयात्राका लागि दर्ता भएका १००भन्दा बढी र्‍याफ्टिङ कम्पनीमध्ये ८० वटा सञ्चालनमा छन् । सुरक्षाका सम्पूर्ण उपाय अपनाएर गरिने जलयात्रामा डुङ्गा पल्टाएर पनि जलयात्राको आनन्द लिइन्छ, जहाँ आयोजकहरुबाट ४० सेकेन्ट भित्र रेस्क्यु गरिने हुँदा जोखिम न्यून हुन्छ ।

जलयात्रा गराउने रिभर गाइडहरुले दुई वर्षको तालिम लिएपछि तेस्रो वर्ष मात्र लाइसेन्स दिइन्छ। तीन तहसम्मको नदीको बहावमा चलाउन सक्ने भएपछि मात्र व्यावसायिक अनुमति मिल्छ । चार र पाँच प्लसमा चलाउन सक्नेहरुलाई अन्तराष्ट्रिय लाइसेन्स प्रदान गरिन्छ । नेपालभर करिब चार हजार रिभर गाइडले लाइसेन्स प्राप्त गरेको अध्यक्ष लामाले जानकारी दिनुभयो । जलयात्रामा प्रशस्त संभावना भएपनि नेपालमा सरकारी तहबाट सहयोग नभएको उहाँको गुनासो थियो। अध्यक्ष लामाका अनुसार असोज, कार्तिक, मंसिर, फागुन, चैत र बैशाख जलयात्राका लागि उपयुक्त मानिन्छ । लमजुङ राइनास नगरपालिका वडा नं ७ स्थित विरौटाको मर्स्याङ्दी नदी किनारमा र्‍यापिड रिसोर्ट एन्ड र्‍याफ्टिङ सञ्चालन गर्नुभएका सुरेन्द्र नखोलाले कोरोनापछिको समयमा जलयात्राको बारेमा जानकारी लिने र जलयात्रा गर्न आउनेको संख्यामा विस्तारै बढ्न थालेको बताउनुभयो । उहाँले केही दिन अघि मात्र नेदरल्याण्डको एक टोली आएको र अहिले आन्तरिक पर्यटकले पनि विशेष रुचि लिएर आउन थालेका छन् भन्नुभयो ।

# सरकारको नीति तथा कार्यक्रम मङ्गलबार : कस्ता आउलान् नयाँ कार्यक्रम ?

-रमेश लम्साल
काठमाडौं, ९ जेठ (रासस)

आगामी आर्थिक वर्षका लागि सरकारको नीति तथा कार्यक्रम मङ्गलबार राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुहुने कार्यक्रम तय भएको छ ।

गठबन्धन सरकारको तर्फबाट आर्थिक विकास, कोरोनापछिको पुनरुत्थान, ऊर्जा क्षेत्रको दीर्घकालीन विकास तथा कृषि, रोजगारीको विस्तार एवं अन्य आर्थिक सामाजिक उन्नयनका कार्यक्रम समावेश गरिएको नीति तथा कार्यक्रमप्रति आम नागरिकको चासो उत्तिकै बढेर गएको छ। नीति तथा कार्यक्रम प्रस्तुत गर्न सङ्घीय संसद्को बैठक मङ्गलबार अपराह्न ४ बजेका लागि बोलाइएको छ । चालु आवका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने समय आउनै लाग्दा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेका कारण सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुन सकेन ।

संवैधानिक व्यवस्था अनुसार हरेक वर्षको जेठ १५ गते संघीय सरकारको आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्ने समय निर्धारण गरिएको छ । त्यसको एक साता अगाडि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै आएको थियो। नीति तथा कार्यक्रममा नै केन्द्रीत रहेर बजेट प्रस्तुत गर्ने कार्यसूची तय हुँदै आएको भएपनि २०७८ जेठ ८ गते मध्यरात पुनः प्रतिनिधिसभा विघटन गरियो ।

यद्यपी, सो विघटनलाई सर्वोच्च अदालतले गत असार २८ गते अवैध ठहर गर्दै पुनः स्थापना गरिदियो। सोही पृष्ठभूमिमा वर्तमान सरकार गठन भएको हो । चालु आवका लागि राष्ट्रपतिले संघीय संसदको संयुक्त सदनमा वाचन गरी पेश हुने नीति तथा कार्यक्रम २०७८ जेठ १४ गते सिंहदरबारबाट बाचन गरियो । बजेट पनि त्यस्तै गरियो र अध्यादेशबाट जारी गरियो । आउन त जेठ १५ गते नै आयो । तर, विघटित प्रतिनिधिसभामा पेश हुन पाएन । सर्वोच्च अदालतको आदेशअनुसार तत्कालीन प्रधानमन्त्रीको गलत परिघटनाबाट पाठ सिक्दै यस पटक भने संघीय संसद्मा नै नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने कार्यसूची तय भएको छ । नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न गठबन्धन दलहरुबीच शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा बैठक बसेको थियो । बैठकमा नीति तथा कार्यक्रमलाई व्यवहारिक र समायनुकूल बनाउने विषयमा छलफल भएको बताइएपनि आधिकारिक रुपमा केही बताइएको छैन । गठबन्धन आवद्ध दलका नेताहरुले सरकारको नीति तथा कार्यक्रमले राष्ट्रिय आवश्यकता, जनताको चाहना र अर्थतन्त्रमा देखिने भनिएको समस्या समाधानका लागि केन्द्रीत हुनुपर्ने सुझाव प्रधानमन्त्री शेरबहादुर देउवालाई दिएको बताइन्छ । यस्तै, संघीय संसद र प्रदेशसभाको निर्वाचन पनि यसै वर्ष गर्नुपर्ने कार्यसूची छ । २०७४ मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल सकिन लागेको सन्दर्भमा निर्वाचनलाई समेत केन्द्रमा राख्नुपर्ने आवश्यकता छ । प्रतिनिधिसभा विघटन र चुनावको घोषणा गरेको तत्कालीन ओली नेतृत्वको कामचलाउ सरकारले गत वर्ष संविधान बमोजिम 'नीति तथा कार्यक्रम' प्रस्तुत गरेन । तर, प्रधानमन्त्री ओलीले २०७८ जेठ १४ गते राष्ट्रका नाममा सम्वोधन गर्दै अनौपचारिक तवरबाट 'नीति तथा कार्यक्रम' वाचन गर्नुभयो ।

राष्ट्रपतिले दुवै संदनको संयुक्त बैठकमा सरकारको आगामी आवका लागि नीति तथा कार्यक्रम वाचन गर्ने संवैधानिक व्यवस्था भएपनि प्रतिनिधिसभा विघटन गरिँदा चालु आव नीति तथा कार्यक्रमविहिन भयोभन्दा पनि अत्युक्ति नहोला ।

बजेट पनि अध्यादेशमार्फत ल्याइयो । पुनः वर्तमान सरकारले प्रतिस्थापन विधेयक ल्याउनुपर्‍यो । गत वर्ष बजेट निर्माण र घोषणाका संवैधानिक प्रक्रियाहरु पनि पूरा हुन पाएनन् । अनौपचारिक रुपमा राष्ट्रको नाममा सम्बोधन गरेर तत्कालीन प्रधानमन्त्रीले कोभिड महामारी र देशको राजनीतिक विषयवस्तुका बारेमा बढ्ता केन्द्रीत गर्नुभएको थियो ।

उहाँले विश्वमा खोपको असमान वितरण बहसको विषय भएको उल्लेख गर्दै महामारीमा विभिन्न देशबाट नेपाललाई प्राप्त भइरहेको सहयोगप्रति धन्यवाद दिनुभएको थियो । नीति तथा कार्यक्रम नभनिएपनि राष्ट्रको नाममा सम्बोधन भनिएको उक्त ' अघोषित नीति तथा कार्यक्रम' मा नयाँ विषय भने खासै समावेश थिएनन् । कूल ७२ बुँदामा समेटिएको उक्त सम्बोधनमा कोरोनाका विषय र तत्कालीन नेकपाभित्रको विवादका विषय र प्रतिनिसभा विघटन गर्नु पर्नाको औचित्य पुष्टि गर्न खोजिएको थियो । अघिल्लो वर्षको तितो यथार्थ इतिहासलाई सुरक्षित गर्दै वर्तमान सरकारले यस पटक संवैधानिक प्रक्रिया अनुसार नै नीति तथा कार्यक्रम ल्याउने भएको छ । सदनको संयुक्त बैठक, राष्ट्रपतिको सम्बोधनका लागि आवश्यक तयारीलगायतका कामलाई संघीय संसद सचिवालयले अगाडि बढाएको छ । गठन्धनमा आवद्ध दल र तिनका नेताले गत वर्ष ओलीले राष्ट्रका नाममा गरेको सम्बोधनलाई नीति तथा कार्यक्रम नै मानेका थिएनन् । त्यसलाई कामचलाऊ प्रधानमन्त्रीको 'असंवैधानिक गतिविधि पछिको राजनीतिक भाषण'को संज्ञा दिएका थिए । वर्तमान सरकारले स्थानीय तहको निर्वाचन सम्पन्न गरेको, संविधानलाई सही मार्गमा डोहोर्‍याएको तथा कोरोनापछिको पुनरुत्थानलगायतका कामलाई अगाडि बढाएको सन्दर्भमा आउन लागेको नीति तथा कार्यक्रम आफैमा महत्वपूर्ण हुने विश्वास लिइएको छ । विसं २०७८ जेठ १४ गते सार्वजनिक गरिएको 'अनौपचारिक नीति तथा कार्यक्रम'मा सम्वत् २१०० सम्मको दीर्घकालीन सोचअनुरूप विकासका सबै क्रियाकलापहरू निर्देशित हुने विषय समावेश थिए । अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा पर्नसक्ने प्रभाव विश्लेषण गरी आवश्यक रणनीति एवं कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्य हासिल गर्ने विषयलाई ध्यानमा राख्ने तथा कोभिड महामारीले हाम्रो विकास यात्रालाई अवरुद्ध गर्न नपाओस् भन्ने कुरामा सजगता अपनाउने जस्ता विषय समावेश थिए ।

सबै अधुरा अपुरा परियोजनाहरू सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राख्ने, पूरा हुन नसक्ने या महत्व गुमाएका परियोजनाहरूको पुनरावलोकन गरी आवश्यक निर्णय गर्ने विषय उल्लेख थिए । "व्यापार सन्तुलन कायम गर्ने नीति अन्तर्गत रहेर सौविध्यपूर्ण व्यापार सुविधाको पूर्ण उपयोग, व्यापार तथा पारवहनसम्बन्धी सन्धि, सम्झौता पुनरावलोकन, नेपाली उत्पादनको बजार पहुँच वृद्धि गर्न थप मुलुकसँग व्यापार सम्झौता, सार्वजनिक निजी व्यवसाय सम्वाद मञ्चलाई कार्यमूलक बनाउने र नेपाली उत्पादनलाई अवाञ्छित प्रतिस्पर्धाबाट जोगाउने व्यवस्था मिलाइनेछ । खानीहरूको पहिचान, उत्खनन्, प्रशोधन र प्रयोगलाई तीव्र पारिनेछ" अनौपचारिक नीति तथा कार्यक्रममा भनिएको थियो ।

तर, चालु आवमा व्यापार घाटा अझै बढेर गएको छ । विदेशी मुद्राको सञ्चिती ओरोलो लाग्दो क्रममा छ । अन्तर्राष्ट्रिय स्तरमा भएको पेट्रोलियम पदार्थको अत्याधिक मूल्यबृद्धिको मारमा नेपालसमेत परेको अवस्था छ ।

यसबाट अगाडि बढ्ने गरी स्पष्ट मार्गनिर्देशन सहितको नीति तथा कार्यक्रम र बजेट आउने संकेत अर्थमन्त्रीले शुक्रबार प्रतिनिधिसभाको बैठकमा गर्नुभएको सम्बोधनमा समेत केही संकेत गर्नुभएको थियो । उहाँले बजेटमा कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राख्ने संकेत गरेका सन्दर्भमा नीति तथा कार्यक्रमले पनि आत्मनिर्भर अर्थतन्त्र निर्माणमा मार्ग प्रशस्त गर्ने विश्वास लिइएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ काहुँखोला बुडुवा मार्ग नाला निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः काहुँखोला बुडुवा मार्ग नाला निर्माण
स्थानः पोखरा-१३, काहुँखोला, कास्की
योजना सम्झौता मिति : २०७८/१२/०९ गते
योजना सम्पन्न मिति : २०७९/०२/३० गते
योजनाको कुल लागत : रु.८,४५,०५९.६६।-
महानगरपालिकाबाट प्राप्त रकम : रु.४,२२,५२९.८३।-
जन सहभागितावाट : रु.४,२२,५२९.८३।-
उपभोक्ता समिति अध्यक्षः धन बहादुर गुरुङ
उपाध्यक्षः आशा गुरुङ, सचिवः विन्दु आचार्य
सहसचिवः पदम बहादुर गुरुङ, कोषध्यक्षः जगत बहादुर गुरुङ सदस्यः भिम तिमिल्सिना, लक्ष्मी सापकोटा, नन्दलाल रानाभाट, केश बहादुर वि.क.

काहुँखोला बुडुवा मार्ग नाला निर्माण उपभोक्ता समिति
पोखरा-१३, काहुँखोला


# नेपाल विश्व आइस हक्की सङ्घको बैठकमा सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

नेपाल आइस हक्की सङ्घका अध्यक्ष भुवन पाठकको नेतृत्वमा एक प्रतिनिधिमण्डल विश्व आइस हक्की सङ्घको फिनल्याण्डमा यही जेठ ११ देखि १६ गतेसम्म हुने बैठकमा भाग लिन मङ्गलबार त्यसतर्फ प्रस्थान गर्ने भएको छ ।

उक्त बैठकमा अध्यक्ष पाठकले नेपालले त्यस क्षेत्रमा गरेका प्रगतिका साथै आगामी दिनमा गर्ने कार्ययोजनाबारे जानकारी गराउनु हुने छ । बैठकमा ७८ देशका प्रतिनिधि सहभागी हुने बताइएको छ । प्रतिनिधिमण्डलले नर्वे र डेनमार्कस्थित आइस हक्की सङ्घका प्रतिनिधिसँग भेटघाट गर्ने कार्यक्रम छ । उक्त प्रतिनिधिमण्डल यही जेठ २० गते स्वदेश फर्कने छ ।

# सेवाग्राही आफैँले चालक अनुमतिपत्रको परीक्षा दिने दिन छान्न पाउने

रासस
काठमाडौं, ९ जेठ

चालक अनुमतिपत्रको परीक्षाका लागि वर्षौं कुरेर पनि कार्यालयले भनेकै दिनमा दिनुपर्ने बाध्यता अन्त्य हुने भएको छ । यातायात व्यवस्था विभागले विगतका बाँकी परीक्षा सकिएपछि सेवाग्राहीले छानेको दिन र फारम भरेको केही दिनमा परीक्षा दिन पाउने व्यवस्था मिलाउने तयारी अघि बढाएको छ ।

चालक अनुमतिपत्रको परीक्षाका लागि सेवाग्राहीले आफ्नो अनुकूलको दिन छान्न सक्ने व्यवस्था मिलाउन लागिएको विभागले जनाएको छ । अहिले यातायात व्यवस्था कार्यालय विगतमा सेवाग्राहीले भरेका फारमबाट परीक्षा सञ्चालन गरिरहेका छन् । विभागले भने अनुमतिपत्र छपाइसँगै नयाँ 'एप्लिकेसन' बनाउन लागेको छ । अनलाइन फारम भरेकाबाट परीक्षा १५ दिनभित्र क-कसको लिइने भनी प्रकाशित गरिने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताउनुभयो । त्यो चरणमा पालो आएका सेवाग्राहीले कुन कार्यालयबाट र कुन दिन परीक्षा दिने भनी छान्न पाउने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कार्यालयले यति सिट खाली भनेर देखाएपछि खालीमध्येको यो म बुकिङ गर्छु भनेर अनलाइनबाटै गर्न सक्नेछन् ।" यसअघि कार्यालयले जुन दिन भन्यो त्यही दिन जानुपर्ने भए पनि अब दुई साताभित्र कुन दिन जाने भनी सेवाग्राही आफैँले खाली भएमा छानेर जान सक्ने प्रवक्ता पनेरुले बताउनुभयो । उहाँका अनुसार बस वा हवाईजहाजमा अनलाइन टिकट लिन जसरी नै कति सिट छ हेरेर खालीमा जान सकिन्छ त्यसैगरी आफ्नो परीक्षाको दिन बुकिङ गर्न पाइनेछ । सेवाग्राहीले एउटा कोडिङ नम्बर पाउने र त्यसका आधारमा कार्यालयले बोलाउने उहाँले बताउनुभयो ।

फारम अनलाइनबाट भरे पनि सबै कुरा अनलाइनबाट नहुने हुँदा सेवाग्राही मेडिकल जाँच, नागरिकता पुष्टि गर्न कार्यालय जानुपर्छ । उहाँले भन्नुभयो, "यी सबै गरेर उपयुक्त दिनमा परीक्षा दिन जान सक्छन् ।" नयाँ प्रणालीमा पहिले अनलाइन राजस्व बुझाएपछि मात्रै फारम भर्ने व्यवस्था मिलाइएको छ । विगतमा फारम भरेर पास भएपछि मात्रै राजस्व तिर्ने व्यवस्था थियो । पहिले पैसा पर्दैन भनेर पनि धेरै सेवाग्राहीले भर्ने तर परीक्षमा सहभागी नभएको पाइएको छ । त्यसको नियन्त्रणका लागि पनि सुरुमा राजस्व तिर्ने व्यवस्था गर्न लागिएको हो । यातायात व्यवस्था कार्यालयहरुले फारम भरेका धेरै सेवाग्राहीको परीक्षा लिन बाँकी भएकाले गत महिनाबाटै अनलाइन फारम स्थगित गरिएको छ । विगतमा फारम भरेका सबै सेवाग्राहीको जेठ १५ गतेसम्ममा परीक्षा लिइसकेर त्यसपछि मात्रै नयाँ खुलाइने तयारी विभागको छ । विगतमा फारम भरेको एक वर्षभन्दा बढी समयसम्म परीक्षाको पालो नआउने गरेकामा त्यो हटाएर केही दिनमा नै पालो आउने व्यवस्था मिलाइने विभागले बताउँदै आएको छ । विगतमा फारम भरेकामध्ये कतिपय सेवाग्राही अझै सम्पर्कमा आएका छैनन् । काठमाडौं उपत्यका बाहिरका कार्यालयले फारम भरेका सबैको परीक्षा लिइसकिएको बताएका छन् भने उपत्यकामा अझै पनि धेरै सेवाग्राही सम्पर्कमा आइसकेका छैनन् । उहाँले भन्नुभयो, "उपत्यकाका कार्यालयमा सेवाग्राहीको चाप भएकाले छापिएको पनि वितरण बाँकी छ ।"

सफ्टवेयर अहिले एउटा प्रणालीबाट अर्कोमा जाँदा सबै विवरण पनि त्यसमा लैजानुपर्ने भएकाले नयाँ र पुरानो प्रणालीमा एकीकरण गर्न लागिएको उहाँले बताउनुभयो । पहिले भारतीय कम्पनीको प्रणाली रहेकामा अहिले नेपालले नै सञ्चालन गर्न 'ट्रान्सफर'को काम अहिले भइरहेको छ । नेपालमा विसं २०७२ पुसमा मा 'स्मार्ट' चालक अनुमतिपत्र एकान्तकुनास्थित कार्यालयबाट सुरु भएको थियो । एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि (आइसिटि) परियोजनाअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो। त्यसपछिका वर्षमा उपत्यकामा रहेका अरु यातायात कार्यालय ठूलो भर्‍याङ, जगाती र चावहिल कार्यालयमा उक्त प्रणाली विस्तार गरिएको थियो ।

उपत्यकामा मात्रै 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भइरहँदा नै उपकरण र कार्ड व्यवस्थापन हुन नसक्दा सेवाग्राहीले समयमै अनुमतिपत्र पाएका थिएनन् भने उपत्यका बाहिर विस्तार भएपछि यो समस्या अझै बढेको थियो । आव २०७३/७४ मा ठेक्कामार्फत नै सात लाख ५० जहार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो । प्रतिघण्टा ६० कार्ड मात्र छाप्ने क्षमताका उपकरणका कारण विस्तारै छाप्नुपर्ने अवस्था सिर्जना भएको थियो ।

उपकरणकै कारण ढिलाइ भएकाले विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण (मास प्रिन्टर) खरिद गरेको थियो । मदरास सेक्युरिटि प्रिन्टिङबाट खरिद गरिएको उपकरणको क्षमता प्रतिघण्टा ४५० कार्ड छाप्ने छ । देशभरका सबै कार्यालयबाट 'स्मार्ट' कार्ड लागू भएपछि झण्डै आठ लाख कार्ड छाप्न बाँकी भएकामा २०७६ चैतदेखि सरकारले बन्दाबन्दीले गर्दा यातायातका कर्मचारीले छपाइ सकेका थिए ।